# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## वागमती गाउँपालिका, मकवानपुर




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एवं नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार तथा गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
(बागमती प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः २०७८।७९
च.नं. मितिः २०७९।३।२४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
बाग्मती गाउँपालिका, मकवानपुर ।

**कैफियत सहितको राय**

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. यस गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.२ करोड ८३ लाख ६५ हजार बेरुजू देखिएको छ। बेरुजू मध्ये असुल गर्नुपर्ने रू.६ लाख २५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड २३ लाख ७६ हजार, नियमित गर्नुपर्ने रू.५१ लाख १५ हजार र पेश्की रू.२ लाख ४९ हजार रहेको छ ।पालिकाको गतवर्षसम्मको १० करोड १७ लाख ६८ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू ७ करोड ४३ लाख ४४ हजार रहेको छ । गाँउपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. यस गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(त्रिलोचन आचार्य)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

# वाग्मती गाउँपालिका, मकवानपुर
## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४७ | २१ | २८३६५ | ० | ० | ० | ४७ | २१ | २८३६५ | ६२५ | ५११५ | २२३७६ | ० | ० | २७४९० | २४९ |

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मकवानपुर | १३७९७२ | ० | ९१९९३ | ४५९७९ | ० | २८३६५ | ७४३४४ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : वाग्मती गाउँपालिका, मकवानपुर , बागमती गाउँपालिका , मकवानपुर

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
| --- | --- | --- | --- |
| कार्यालय प्रमुख | दिलीप कुमार श्रेष्ठ | २०७८-६-१८ | |
| कार्यालय प्रमुख | शुक्रमान राई | २०७७-१२-१४ | |
| कार्यालय प्रमुख | राम प्रसाद सापकोटा | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | झम्क नारायण घलान | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | २८,३६४,५२१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ७,३६,६३,३२८.५५ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३३,७२,४०,०८० | चालु खर्च | ३८,६५,११,८७४.७६ |
| प्रदेश सरकारबाट अनुदान | २,४६,५४,००० | पूँजीगत खर्च | १९,३७,९४,८२४.३७ |
| राजश्व बाँडफाँट | ११,३८,३६,९१७.३३ | वित्तीय/अन्य व्यवस्था | ४,२६,३३,५६१.७७ |
| आन्तरिक आय | १,३२,६६,०३४.३१ | | |
| अन्य आय | १०,६१,६७,४९२.८८ | | |
| कुल आय | ५९,५१,६४,५२४.५२ | कुल खर्च | ६२,२९,४०,२६०.९ |
| बाँकी मौज्दात | | ४,५८,८७,५९२.१७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस वागमती गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रबर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु नै गाउँपालिका स्थापनाको प्रमुख उद्देश्य हो । वागमती प्रदेशको मकवानपुर जिल्लामा अवस्थित यस गाउँपालिका अन्तर्गत ९ वडा, ४९ सभा सदस्य रहेका छन् । ३११.७९ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको यस नगरपालिकाको जनसंख्या करिब ३०४९५ रहेको छ ।<br><br>वाग्मती गाउँपालिकाको आर्थिक बर्ष २०७७।७८ को आय व्यय स्थिति देहायबमोजिम रहेको छ | |

| सि.नं. | आय शिर्षक | आय | सि.नं. | | जम्मा ब्यय | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | गत बर्षको नगद मौज्दात (बिभिन्न कोषहरु समेत) | 73,663,328.55 | 1 | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमको खर्च | 197,679,710.23 | |
| | नगद मौज्दात (संचित कोष | 65,361,968.55 | | संघिय सरकारबाट | 181,337,027.23 | |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | खाता) | | | हस्तान्तरित कार्यक्रम चालु | | | | |
| | | | | | धरौटी मौज्दात (धरौटी खाता) | 4,718,809.00 | | संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम पुँजीगत | 16,342,683.00 | | | |
| | | | | | प्रकोप ब्यबस्थापन कोष खाता | 1,127,924.00 | | | | | | |
| | | | | | आकस्मिक कोष (मर्मतसंभार कोष खाता) | 2,454,627.00 | 2 | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रमको खर्च | 12,770,243.00 | | | |
| | | | | | जिल्ला समन्वय समिति मौज्दात कोष | - | | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम चालु | 4,004,506.00 | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | फलफुल तथा तरकारी मुल्य श्रृङ्खला बिकास आयोजना | - | | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम पुँजीगत | 8,765,737.00 | | | |
| | | | | | सार्वजनिक शौचालय निर्माण गत आ.ब.को अल्या | - | | प्रदेश समपुरक | - | | | |
| | | | | | | | | | | | | |
| | | | | | यस आ.ब.को आम्दानी | | 3 | बागमति गा.पा. तर्फको खर्च | 274,751,063.90 | | | |
| | | | | 2 | संघीय अनुदान | 337,240,080.00 | | बागमति गा.पा. चालु | 126,032,971.53 | | | |
| | | | | | सशर्त अनुदान संघ | 228,340,080.00 | | बागमति गा.पा. पुँजीगत | 148,718,092.37 | | | |
| | | | | | वित्तिय समानीकरण संघ | 108,900,000.00 | | | | | | |
| | | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | संघीय समपुरक | - | | | | | | |
| | | | | | बिशेष अनुदान संघ | - | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | 3 | बागमती प्रदेशबाट प्राप्त अनुदान | 24,654,000.00 | | | | | | |
| | | | | | सशर्त अनुदान प्रदेश | 14,446,000.00 | | | | | | |
| | | | | | वित्तिय समानीकरण प्रदेश | 10,208,000.00 | | | | | | |
| | | | | | प्रदेश समपुरक अनुदान | - | 4 | अन्तर सरकारी अख्तियारी (भुक्तानी आदेश मार्फत) | 95,105,682.00 | | | |
| | | | | | प्रदेश बिशेष अनुदान | - | | सामाजिक सुरक्षा भत्ता | 75,137,370.00 | | | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | स्थानिय पुर्वाधार बिकास साझेदारी कार्यक्रम | 10,612,813.00 | | | |
| | | | | 4 | जम्मा आन्तरिक आय | 13,266,034.31 | | प्रदेश पुर्वाधार बिकास साझेदारी कार्यक्रम | 9,355,499.00 | | | |
| | | | | | | | | गरिवसँग विशेश्वर कार्यक्रम चालु | - | | | |
| | | | | 5 | बाँडफाँड प्राप्त राजश्व | 113,836,917.33 | | राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना | - | | | |
| | | | | | राजश्व बाँडफाँड | 87,426,497.65 | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | संघ | | | | | | | |
| | | | | | राजश्व बाँडफाँड प्रदेश | 26,410,419.68 | 5 | प्रकोप ब्यबस्थापन कोष ब्यय | 6,002,997.00 | | | |
| | | | | | | | | | | | | |
| | | | | 6 | अन्तर सरकारी अख्तियारी (भुक्तानी आदेश मार्फत) | 95,105,682.00 | 6 | धरौटी फिर्ता | 2,525,525.00 | | | |
| | | | | | सामाजिक सुरक्षा | 75,137,370.00 | | | | | | |
| | | | | | स्थानिय पुर्वाधार बिकास साझेदारी कार्यक्रम | 10,612,813.00 | 7 | अन्य विविध खर्च | 800,000.00 | | | |
| | | | | | प्रदेश पुर्वाधार बिकास साझेदारी कार्यक्रम | 9,355,499.00 | | विविध खर्च खाताबाट खर्च(कोरोना बीमा खर्च) | 800,000.00 | | | |
| | | | | | गरिवसँग विशेश्वर कार्यक्रम चालु | - | | महिला तथा बालबालिका कोष | - | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | राष्ट्रिय सूचना ब्यबस्थापन तथा अनुगमन कार्यालय | - | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | 7 | प्रकोप ब्यबस्थापन कोष आय | 5,732,687.88 | | | | | | |
| | | | | | प्रकोप व्यस्थापन संघ निकासा | 1,000,000.00 | | | | | | |
| | | | | | प्रकोप ब्यबस्थापन प्रदेश निकासा | 500,000.00 | | | | | | |
| | | | | | प्रकोप व्यवस्थापन गा.पा. निकासा | 2,000,000.00 | | | | | | |
| | | | | | प्रकोप व्यवस्थापन स्थानीय पूर्वाधार बाँकी निकासा | 2,232,687.88 | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 8 | मर्मत सम्भार कोष आय | - | 8 | अनुदान फिर्ता | 32,336,126.77 | | | |
| | | | | | | | | संघीय अनुदान फिर्ता | 30,660,369.77 | | | |
| | | | | 9 | धरौटी आम्दानी | 4,479,123.00 | | प्रदेश अनुदान फिर्ता | 1,675,757.00 | | | |
| | | | | | | | | | | | | |
| | | | | 10 | अन्य विविध आय | 850,000.00 | 9 | मर्मत संभार कोष खर्च | 968,913.00 | | | |
| | | | | | महिला तथा बालबालिका कोष | 50,000.00 | | | | | | |
| | | | | | विविध खर्च खाता आम्दानी(कोरोना बीमा रकम) | 800,000.00 | | जम्मा खर्च | 622,940,260.90 | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | 10 | | | | | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | मौज्दात बिबरण | | | | |
| | | | | | | | | संचित कोष खाता | 36,821,856.29 | | | |
| | | | | | | | | प्रकोप ब्यबस्थापन कोष खाता | 857,614.88 | | | |
| | | | | | | | | धरौटी खाता | 6,672,407.00 | | | |
| | | | | | | | | महिला तथा बालबालिका कोष | 50,000.00 | | | |
| | | | | | | | | मर्मत कोष खाता | 1,485,714.00 | | | |
| | | | | | | | | जम्मा बैंक बाँकी | 45,887,592.17 | | | |
| | | | | | | | | | | | | |
| | | | | | कुल जम्मा | 668,827,853.07 | | कुल जम्मा | 668,827,853.07 | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | वित्तीय विवरण – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br><br>• स्थानीय तहको असार मसान्तको बैंक मौज्दात रु.७५४९५१७७.९५ र श्रेस्ताको मौज्दात रु. 78971718.94 रहेकोमा रु. ३४७६५४०.९९ ले फरक देखिएको छ । यसरी हिसाब फरक परेकोमा बैंक हिसाब मिलान बिबरण तयार गरेको छैन ।<br>• कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मैज्दात ऋणत्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणत्मक नरहेको ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारिण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br><br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २ | | | **खरिद ब्यवस्थापन** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २.१ | | | चौमासिक पूँजीगत खर्च - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसूची ३ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |
| २.२ | | | पालिकाले निर्माण ब्यवसायीबाट भएको निर्माण कार्यको गुणस्तर परीक्षण गर्ने गरेको भए तापनि उपभोक्ता समितिबाट हुने गरेको निर्माण कार्यको गुणस्तर परीक्षण गराएको पाइएन । तसर्थ उपभोक्ता समितिबाट हुने योजनाहरुको समेत गुणस्तर परीक्षण गर्ने प्रणाली अवलम्बन गर्नु पर्दछ । | |
| ३ | | | **वित्तीय विवरण** | |
| ३.१ | | | आर्थिक कार्यविधि कानून बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा पालिकाले चौमासिक रुपमा लक्ष्य प्रगति बनाउने गरेको पाइएन । तसर्थ पालिकाले यस सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ । | |
| ३.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था बमोजिम अवकाश कोष स्थापना भएको पाइएन । तसर्थ पालिकाले ऐनमा भएको व्यवस्था कार्यान्वयन गराउने तर्फ ध्यान पुर्याउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३.३ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा स्थानान्तरण गर्नुपर्नेमा गरेको पाइएन । तसर्थ यस सम्बन्धमा सुधार गर्नु पर्दछ । | |
| ३.४ | | | **जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको वित्तीय विवरण अनुसार गत वर्षको अन्त्यमा रु. ७५९७५६४३। ७१ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. 73663328।55 जिम्मेवारी सारेको देखियो । जस अनुसार वित्तीय विवरणमा उल्लेख भएको भन्दा रु. २३१२३१५।१६ घटी।बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु......... | २,३१२,३१५.१६ |
| ४ | | | **पेश्की बाँकी**<br>**पेश्की बाँकीः** यस आ.व.मा बाँकी रहेको पेश्की रकम चालु आ. व. मा फछ्र्यौट भई पेश्की बाँकी रहेको देखिएन । त्यसैगरी गत आ.व.मा म्याद ननाघेको देहायका पेश्की रकम यस चालु आ.व. सम्म पनि फछ्र्यौट भएको नदेखिएकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावली बमोजिम यथाशीघ्र फछ्र्यौट गर्नु पर्ने रु.<br><br>**सि. नं.** \| **पेश्की लिनेको नाम** \| **फछ्र्यौटको अन्तिम म्याद** \| **रकम**<br>१ \| वातावरणीय चेतनाको लागी एकिकृत विकास \| ०२।०५।२०७७ \| ४९०००<br>२ \| वातावरणीय चेतनाको लागी एकिकृत विकास \| ०२।०५।२०७७ \| २०००००<br>\| **जम्मा** \| \| **२४९०००।** | २४९,००० |
| ५ | | | **राजस्व आन्तरिक नियन्त्रण** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.१ | | | पालिकाले भवन, टहरा, जग्गा, पोखरी आदिको बहाल रोयल्टि वा लाइसेन्स वा यस्तै प्रकारका शुल्क होर्डिङ्ग बोर्ड, पार्क लगायतबाट हुने शुल्क बोलपत्र कागजात विक्री र अन्य सम्भाव्य आयका श्रोतहरु लगायतका राजस्वका सबै श्रोतहरु उचीत तरीकाले लेखाङ्कन गरेको पाइएन । तसर्थ पालिकाले तोकिएको ढाँचामा लेखाङ्कन गर्ने तर्फ ध्यान पुर्याउनु पर्दछ । | |
| ५.२ | | | रसिद नियन्त्रण खाता : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरुको नगदी रसिद कट्टी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रबिष्टी गरी तोकीएको समयमा बैंक दाखिला गर्नुपर्छ । कार्यालयले राजश्व असूलीमा प्रयोग हुने रसिदहरु मध्ये गत विगतका कति रसिद बाँकी थिए, यस बर्ष के कति छपाई गरियो र यो बर्ष वडा कार्यालयले प्रयोग गर्ने गरी कति खर्च भयो, के कति अगामि बर्षको लागि जिम्मेवारी सारेको छ, सो खुल्ने गरी रसिद नियन्त्रण खाता राखेको पाइएन । रसिद नियन्त्रण खाताको व्यस्थित अभिलेख नहुँदा आर्थिक बर्षभरी जारी गरीएका सबै नगदी रसिदबाट हुनुपर्ने आम्दानी प्राप्त भयो भएन एकिन हुन सकेन । कार्यालयले प्रयोग गर्ने रसिदको व्यवस्थित अभिलेख राखि सबै रसिदबाट उठेको रकम दाखिला भएको सुनिश्चित हुनु पर्दछ । | |
| ५.३ | | | **राजश्वको अभिलेख :** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ५ को दफा २७ ले राजश्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाले यस बर्ष राजश्व आम्दानी तर्फ दैनिक राजश्व आम्दानी खाता (म.ले.प.फा.नं. १०२), प्राप्त सबै राजश्व गोस्वारा भौचर (म.ले.प.फा.नं. १०३), राजश्व आम्दानीको शिर्षकगत खाता (म.ले.प.फा.नं. १०४), राजश्व आम्दानीको गोश्वारा खाता (म.ले.प.फा.नं. १०५), राजश्व आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता (म.ले.प.फा.नं. १०६), राजश्व आम्दानीको दैनिक बैंक भौचर प्राप्त गोश्वारा खाता (म.ले.प.फा.नं. १०७), राखेको देखिएन । नियमावलीको व्यवस्था अनुसार मलेपफानं हरु नराखेकोले राजश्वको लेखापरीक्षणबाट प्राप्त हुनुपर्ने सबै राजश्व प्राप्त गरेको र प्राप्त सबै राजश्व बैंक दाखिला गरेको एकिन गर्न सकिएन । आम्दानी जस्तो संवेदनशील बिषयमा गम्भिर भई अनिवार्य रुपमा राख्नुपर्ने खाताहरुको प्रयोग गरी आन्तरिक आयको लेखालाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६</td><td></td><td></td><td>
अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता<br>
संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने सामानिकरण वाहेकका अनुदान बर्ष भरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार २०७८ असार मसान्तमा देहाय बोमोजिम खर्च नभई बाँकी रहेको अनुदान फिर्ता गरेको पाईयो ।
<table>
<tr><th colspan="6">सघिय सरकार</th></tr>
<tr><td>क्र.सं.</td><td>अनुदानको किसिम</td><td>जम्माअनुदान</td><td>खर्च</td><td>बाँकि (फ्रिजहुनुपर्ने</td><td>कैफियत</td></tr>
<tr><td>१</td><td>संघिय सशर्त</td><td>228340080</td><td>१९७६७९७१०.२३</td><td>३०६६०369.77</td><td>२०७८।४।७ मा फिर्ता</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td></td><td></td><td></td></tr>
</table>
<table>
<tr><th colspan="6">प्रदेशसरकार</th></tr>
<tr><td>क्र.सं.</td><td>अनुदानको किसिम</td><td>जम्माअनुदान</td><td>खर्च</td><td>बाँकि (फ्रिजहुनुपर्ने)</td><td>कैफियत</td></tr>
<tr><td>१</td><td>प्रदेश सशर्त</td><td>14446000</td><td>12770000</td><td>1675757</td><td>२०७८।४।१० फिर्ता</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td></td><td></td><td>-</td></tr>
</table>
आ ब २०७७।०७८ मा पालिकालाइ प्रदेश तथा सघ बाट अन्य समपुरक र विशेष अनुदान प्राप्त भएको छैन ।
</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>पदाधिकारी सुविधा र विविध खर्च</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्ने ब्यवस्था छ । पालिकाले यो बर्ष विविध खर्च तर्फ २२७१२३९।- खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययीतता कायम गर्नुपर्दछ । | |
| ७.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था नभएता पनि पालिकाले आ.ब. ०७७।७८ मा आर्थिक सहायता, चन्दा, वापत रु ८६३३३४।- वितरण गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ । | |
| ८ | | | **कानून निर्माण एवं कार्यान्वयन** | |
| ८.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले लेखापरीक्षण अवधिसम्म १५ वटा ऐन, २ वटा नियमावली, कार्यविधि र निर्देशिका ३० वटा गरी जम्मा ४७ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । उक्त कानुन प्रभावकारी रुपले कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ८.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा निवेदन दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फछ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नभएको यो बर्ष दर्ता भएको १५ गरी जम्मा १५ मध्ये १३ वटा फछ्यौट भई २ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौट वा कारवाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ९ | | | **संगठन तथा कर्मचारी ब्यवस्थापन** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । तर पालिकाले हालसम्म नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी स्वीकृत गरेको छैन । पालिकाले उपलब्ध गराएको विवरण अनुसार प्रमुख प्रशासकीय अधिकृत सहित जम्मा ४९ जनाको दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित संघबाट समायोजन भई आएका १ जना, साविक स्थानीय निकायमा कार्यरत २ जना र लोकसेवा बाट सिफारिश १८ जना गरी २१ जना पदपूर्ति भएको देखिन्छ र विभिन्न पदमा गरी जम्मा २८ जना रिक्त रहेको देखिन्छ । त्यसैले पालिकाले नयाँ संगठन तथा व्यवस्थापन संरचना तयार गरी रिक्त पदहरुको समयमै पदपूर्ती गरी सेवा प्रवाहलाई चुस्तदुरुस्त र प्रभावकारी वनाउने तर्फ विशेष ध्यानदिनुपर्दछ । | |
| ९.२ | | | क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ५७ जना कर्मचारीहरु करारमा राखी रु १७०४०७९०।- खर्च लेखेको छ ।<br>ख) त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको सब इन्जिनियर, सामाजिक परीचालक ,कानुनि सहजकर्ता, रोजगार संयोजक र आइटी पदमा गरी जम्मा 14 जना करार नियुक्ति गरी बर्ष भरीमा रु ४४३३३९०।- भुक्तानी गरेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९.३ | | | निजामती सेवा ऐन, २०४९ को दफा ७ख(२) अनुसार उपत्यका भित्रका कार्यालयमा कार्यरत निजामती कर्मचारीहरुको तलवी प्रतिवेदन निजामती कितावखानावाट पारित गराएर मात्र तलब खर्च लेख्नुपर्ने उल्लेख छ । त्यस्तै संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं १८० मिति२०७६।५।१८ को पत्रवाट स्थानिय तहका कर्मचारी र संघवाट स्थानिय तहमाखटिएका कर्मचारीहरुको जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयवाट तलवी प्रतिवेदन गर्न परिपत्र गरेको भएतापनि यस पालिकामा कार्यरत प्रशासनिक र प्राबिधिक सेवा तर्फका स्थाई कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरी तलब र ग्रेड बापत रु २०७२५३९०।- तलव खर्च लेखेको छ। तलवी प्रतिवेदन पारित नभएको हुंदा कर्मचारीहरुलाई के कति दर र सख्यामा ग्रेड बापत खर्च लेखेको हो एकिन गर्न सकिएन ।त्यसैले नियमानुसार तलबी प्रतिबेदन पारीत गराएर मात्र तलब र ग्रड बापत खर्च लेख्नु पर्दछ । | |
| १० | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |
| १०.१ | | | • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा उप दफा ३ अनुसार नगरपालिका नगर प्रमुख आफैले वा जिम्मेवार अधिकारी तोकी अनुगमन गर्नुपर्ने व्यवस्था मिलाउनु पर्नेमा सो गरेको पाइएन । उपदफा ५ अनुसार नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम गर्नुपर्नेमा सो गरेको पाइएन,<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार नगरेको ,<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता आम्सिक रुपमा राखेकोपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार नगरेकपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अध्यावधिक नगरेकोवडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक नगरेकोजिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नगरेको<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेको | |
| १०.२ | | | • सूचना प्रविधी पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरे नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको<br>• सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०.३ | | | • म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक नराखेको र अद्यावधिक नभएको<br>• म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख र नराखेको र अद्यावधिक नभएको | |
| १०.४ | | | • म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख नराखेको<br>• म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख नराखेको<br>• म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन नराखेको | |
| ११ | | | **बजेट तथा कार्यक्रम** | |
| ११.१ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति २०७७।३।१० मा नीति तथा कार्यक्रम बजेट रु ५० करोड ११ लाख ६५ हजार सभामा पेश गरी मिति २०७७।३।३० मा पारित भएको छ । यसै गरी स्थानीय तहका प्रमुखले २०७७।४।२ मा प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ११.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार सो गरेको पाइएन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>११.३</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चको स्थिति निम्न अनुशार रहेको छ।<br><table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>43924080.00</td><td>23266832.00</td><td>4.65</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>270417000.00</td><td>239530538.45</td><td>47.87</td></tr>
<tr><td>पूर्वाधार विकासक्षेत्र</td><td>104915000.00</td><td>95587639.62</td><td>19.10</td></tr>
<tr><td>वातावरण तथा विपद् व्यवस्थापन</td><td>820100.00</td><td>19256884.05</td><td>3.85</td></tr>
<tr><td>वित्तीय व्यवस्थापन र सुशासन</td><td>14923000.00</td><td>15154299.05</td><td>3.03</td></tr>
<tr><td>कार्यसञ्चालन तथा प्रशासनिक खर्च</td><td>124171440</td><td>107559123</td><td>21.50</td></tr>
<tr><td>जम्मा</td><td>559170620</td><td>500355316</td><td>100</td></tr>
</table></td><td></td></tr>
<tr><td>११.४</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । तर पालिकाले हालसम्म कुनै प्रोफाइल तयार गरेको देखिएन । अत नियममा भएको व्यवस्था अनुसार सबै विषयहरुलाई समेटि नगर प्रोफाइल तयार गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.५ | | | कार्यालयले चौमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार नगरेकोले स्पष्ट लक्ष्य र कार्य सम्पन्न भएको अवस्था देखिने बार्षिक प्रगति प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ । | |
| १२ | | | **कोरोना नियन्त्रण तथा ब्यवस्थापन** | |
| १२.१ | | | • कोभिड १९ रोकथाम नियन्त्रण र ब्यवस्थापनको लागि फापरबारी प्राथमिक स्वास्थ्य केन्द्रमा १० बेड र गा पा कार्यालय रहेको स्थान झुरझुरेमा २० बेडको अस्थाइ अस्पताल सचालनमा आयको देखिन्छ। अस्पतालमा मेडिकल अफिसर १ जना र अन्य ६ जना स्वास्थ्य जनशक्तिको दरबन्दी रहेकोमा सबै पदपूर्ति भएको देखीन्छ ।<br>• एम्बुलेन्स २ वटा, , आईसोलेशन बेड ३० वटा, अक्सिजन सिलिण्डर २५ वटा,अक्सिजन कन्सेन्ट्रेटर १० सेट , पिपिई १०० सेट लगायत स्वास्थ्य सुरक्षा सामग्रीको खरीद तथा ब्यवस्थापन गरेको देखीन्छ ।<br>• कोरोना भाइरस (कोभिड – १९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ बमोजिम स्वास्थ्यकर्मी तथा अन्य कर्मचारि गरी रु १४२८२०५ भुक्तानी भएको देखिन्छ ।<br>• कोभिड उपचारमा संलग्नलाई जनशक्तिलाई स्वास्थ्य वीमा कार्यान्वयन भएको देखीन्छ ।<br>• पालिका बाट समय समयमा कोभिड अस्पताल सञ्चालनको अनुगमन र रेखदेख गरेको देखिन्छ ।<br>• नकोभिड बिरामीको उपचारमा परेको असर न्यूनीकरण गर्ने तर्फ पालिकाले बिशेष ध्यानदिनु पर्दछ | |
| १२.२ | | | • कोराना नियन्त्रण र व्यवस्थापनको लागी पालिकाले पूर्व तयारी, प्रचारप्रसार, सामाग्री व्यवस्थापन,जनशक्ति लाइ तालिक जस्ता कार्यक्रम सचालन गरेकाो देखीन्छ । | |
| १२.३ | | | • कोभिडसँग सम्वन्धित निर्देशिका एवं हेल्थ प्रोटोकल सघिय सरकार तथा प्रदेश सरकार कै कार्यन्वयन गरेको देखिन्छ ।<br>• निर्देशिका एवं हेल्थ प्रोटोकल कार्यान्वियनको अनुगमन प्रभावकारी भएको देखिदैन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२.४ | | | • पालिका अन्सतरगत कुनै पनि सरकारी एवं निजी पीसीआर प्रयोगशाला संचालनमा रहेको देखिदैन ।<br>• २०७७।७८ मा पालिकाले ३८८ स्वब संकलन गरी हेटौडा प्रयोगशालाबाट निशुल्क पीसीआर परीक्षण रिपोट समेत प्राप्त भएको देखिन्छ ।<br>• पालिकाले संचालन गरेको आईसोलेसन केन्दमा ५३२ जनाको एन्टीजेन्ट परीक्षण भएकोदेखिन्छ । | |
| १२.५ | | | • खरिद भएका औषधि, कीट तथा उपकरणको गुणस्तर र स्पेशीफिकेशन बमोजिम रहेको र खरिद कानुन अनुशार कोटेशनको माध्यम बाट खरिद गरेको छ ।<br>• महामारी रोकथामको लागि विभिन्न स्रोतबाट प्राप्त स्वास्थ्य सामग्रीको अभिलेख को बिवरण प्राप्त हुन नसकेको<br>• खरिद वा अन्य श्रोतबाट प्राप्त भएका स्वास्थ्य उपकरण तथा सामग्री प्राथमिक स्वास्थ्य केन्द र आइसोलेसन मा बितरण गरेको देखिन्छ । | |
| १२.६ | | | • कोभिड अस्पतालमा स्वास्थ्य जनशक्तिको ७ जना दरबन्दी भएकोमा करार बाट सबै पदपूर्ति भएको छ ।<br>• कोरोना भाइरस (कोभिड – १९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ बमोजिमरु १४२८२०५, जोखिम भत्ता रु १४२८२०५,सोधभर्ना भएको देखिन्छ ।<br>• कोरोना भाइरस (कोभिड – १९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ लाई भत्ता वितरणमा आधार, लिएको देखिन्छ ।<br>• कोभिड उपचारमा संलग्नन ४५ जनाजनशक्तिलाई स्वास्थ्य वीमा कार्यान्वयन भएको देखिन्छ । | |
| १२.७ | | | • क्वारेन्टीन र आईसोलेसन ३० बेडको संचालनमा रहेको तथाक्वारेन्टीन र आईसोलेसन ब्यवस्थापनमा रु १४६७०४० खर्च भएको देखिन्छ । | |
| १२.८ | | | • पालिकाले नेपाल सरकार बाट अनुदानमा प्राप्त खोप १३०४१ जना लाइ लगाएको देखिन्छ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२.९</td><td></td><td></td><td>
<table>
<tr><td colspan="4">आ.ब.२०७७/०७८ मा कोरोना आय ब्यय विवरण</td></tr>
<tr><td>आय शिर्षक</td><td>रकम</td><td>खर्च शिर्षक</td><td>रकम</td></tr>
<tr><td>गत आ.ब.को नगद मौज्दात</td><td>1127924</td><td>औषधि खर्च</td><td>2369608</td></tr>
<tr><td>स्थानीय पूर्वाधारको बचत रकम निकासा</td><td>2232687.9</td><td>तलब भत्ता</td><td>900814</td></tr>
<tr><td>गा.पा.को आन्तरिक निकासा</td><td>2000000</td><td>आइसोलेसन खाना खर्च</td><td>1177300</td></tr>
<tr><td>संघीय सरकारबाट प्राप्त निकासा</td><td>1000000</td><td>आइसोलेसन ब्यवस्थापन</td><td>289740</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>500000</td><td>अन्य खर्च</td><td>602201</td></tr>
<tr><td></td><td></td><td>आर्थिक सहयोग</td><td>663334</td></tr>
<tr><td></td><td></td><td>बैंक मौज्दात</td><td>८५७६१५</td></tr>
<tr><td>कुल जम्मा</td><td>६८६०६११.९</td><td>कुल जम्मा</td><td>6860611.9</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>
सेवा प्रवाह<br>
सेवा प्रवाहः-<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था छ। गाँउपालिकाले यस आर्थिक वर्षमा निम्नाअनुसार सेवा प्रबाह गरेको विवरण प्राप्त भएको छ । तोकिएका सेवा प्रावाह छिटो छरितो एवं पारदर्शी ढंगले उपलब्ध गराई सो को अभिलेख व्यवस्थित गर्न पालिकाले विशेष दिनुपर्दछ।
<table>
<tr><th>क्र स</th><th>विवरण</th><th>सेवा प्राप्तिका लागि निवेदन संख्या</th><th>सिफारिस संख्या</th><th>कैफियत</th></tr>
</table>
</td><td></td></tr>
</table>


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | नाता प्रमाणित | ४२१ | ४२१ | | |
| | | | | २ | घरवाटो | ३६० | ३६० | | |
| | | | | ३ | नागरिकता सिफारिस | ८३७ | ८३७ | | |
| | | | | ४ | अन्य सिफारिस | ९११५ | ९११५ | | |
| | | | | ५ | जन्म दर्ता | १४७९ | १४७९ | | |
| | | | | ६ | मृत्यु दर्ता | २८८ | २८८ | | |
| | | | | ७ | विवाह दर्ता | ४८८ | ४८८ | | |
| | | | | ८ | वसाईसराई | २७७ | २७७ | | |
| | | | | ९ | सम्बन्ध विच्छेद | ३ | ३ | | |
| | | | | १० | चार किल्ला | ३४५ | ३४५ | | |
| | | | | | जम्मा | १३६१३ | १३६१३ | | |
| १४ | | | **आन्तरिक आय** | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४.१ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यलय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दशप्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दशप्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन वमोजिम विभागिय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था रहेको छ । पालिकाका वडा कार्यालयहरुमा जम्मा भएका राजस्व सोही दिन तथा सोको भोलिपल्ट दाखिला गर्ने गरेको नभई एक महिना भन्दा ढिलागरी राजस्व दाखिला हुने गरेको पाइएकोले कुनै कारवाही गर्ने गरेको छैन । तसर्थ यस सम्बन्धमा पालिकाले ध्यान पुर्याउनु पर्दछ । | |
| १४.२ | | | पालिकाले वडा नं. ७ स्थित धन्साही खोला वडा नं. ८ अन्तर्गत चौराहा खोला र वडा नं. ४ अन्तरगत जोखने खोलाको जम्मा ५६९० घन मीटर नदिजन्य पदार्थ उत्खनन तथा प्रयोगको लागी मु. अ. कर बाहेक रु. १८०९४२०। को न्युनतम अंक तयार गरी सोही बमोजिम रकम दाखिला गर्ने गरी कालिका-स्वच्छन्द रान्केन जे.भि. सँग मिति २०७७।१२।११ मा सम्झौता सम्पन्न गरेको छ । पालिकाले कार्यपालिकाको निर्णय बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वेगर बिना प्रतिस्पर्धा सोझै सम्झौता गरी ठेक्का ब्यवस्थापन गरेको नियमसम्मत नभएको रु | १,८०९,४२० |
| १४.३ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ दफा ६२क (१) मा पालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मुल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी वालुवा एवं माटोजन्य वस्तुको बिक्री गर्न सक्ने ब्यवस्था छ । पालिकाले २०७६।०८।०३ गतेको कार्यपालिका बैठकबाट गाउँपालिका अन्तर्गतका चौराहा खोला, धनसाइ खोला, मनसाइ खोला, चाँदे खोला, वागमती नदी, जोखने खोला, ढुङ्ग्रे खोला, लम्कना खहरे, भैंसी खोला, माझगाउँ खोला, चिरुवा खोलाहरुको बगर तथा खहरे क्षेत्रको तोकिएको स्थानबाट ढुंगा, गिट्टी, वालुवा दिगो उत्खनन्/संकलन कार्यका लागी तीन खण्डमा विभाजन गरी प्रारम्भिक वातावरणीय परीक्षण गर्ने निर्णय गरेकोमा सो बमोजिम हालसम्म परीक्षण गरिएको देखिएन । यसरी ऐनले तोके बमोजिम अनियन्त्रित तवरले उत्खनन्/संकलन कार्य गर्नाले वातावरणमा क्षति पुग्नुका साथै गाउँपालिकाको आम्दानी समेत गुम्ने हुँदा यथाशीघ्र प्रारम्भिक वातावरणीय परीक्षण गरी प्रतिस्पर्धाको माध्यमबाट नदीजन्य पदार्थको उत्खनन्/संकलन तथा बिक्री गर्नु पर्दछ । | |
| १४.४ | | | पालिकाको आर्थिक बर्ष २०७७।७८ को आन्तरिक आयको अनुमान तथा असुली स्थिति देहायबमोजिम रहेको छः | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय सि.नं. | आम्दानी शीर्षक | अनुमान | असुली | असुली प्रतिशत | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | १०००००० | ४६३२९० | ४६.३३ | |
| | | | २ | एकीकृत सम्पती कर | १०,००० | ० | ०. | |
| | | | ३ | भुमिकर/मालपोत | २००००० | ६१९१३८.३७ | ३०९.५७ | |
| | | | ४ | घरवहाल कर | ५०,००० | २३८०८८.९४ | ४७६.१८ | |
| | | | ५ | वहाल विटौरी कर | २०००००० | ० | ०. | |
| | | | ६ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | १०,००० | २,५०० | २५. | |
| | | | ७ | परीक्षा शुल्क | १०,००० | ६२,८०० | ६२८. | |
| | | | ८ | अन्य प्रशासनिक सेवा शुल्क | १००००० | ० | ०. | |
| | | | ९ | पार्किङ्ग शुल्क | ५,००० | ० | ०. | |
| | | | १० | नक्सापास दस्तुर | ५००००० | १९,०९३ | ३.८२ | |
| | | | ११ | सिफारिश दस्तुर | १००००० | ८०२००३ | ८०२. | |
| | | | १२ | व्यक्तिगत घटना दर्ता दस्तुर | ५०,००० | १७८००० | ३५६. | |
| | | | १३ | नाता प्रमाणित दस्तुर | २५,००० | ३१,९०० | १२७.६ | |
| | | | १४ | अन्य दस्तुर | २५,००० | १३,८१० | ५५.२४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | १५ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | २५०००० | ३०६१७० | १२२.४७ | |
| | | | १६ | धरौटी सदरस्याहा | ५,००० | ० | ०. | |
| | | | १७ | अन्य राजस्व | ११०००००० | १००९७३५६ | ९१.७९ | |
| | | | १८ | व्यवसाय कर | ५००००० | ६,८८५ | १.३८ | |
| | | | १९ | बेरूजू | १००००० | ४२५००० | ४२५. | |
| | | | २० | नगद | २५,००० | ० | ०. | |
| | | | २१ | बैंक मौज्दात | ६५३६१००० | ० | ०. | |
| | | | | जम्मा | ८१३२६००० | १३२६६०३४.३१ | १६.३१ | |
| | | | पालिकाले कुल अनुमानको जम्मा १६.३१ प्रतिशत मात्र असुली गरेको छ । यसरी अनुमानित भन्दा अधिक न्युन कर तथा शुल्क असुली हुनुमा कुनै कारण समेत उल्लेख गरेको पाइएन । तसर्थ पालिकाले अनुमान बमोजिम असुली गर्ने तर्फ विशेष ध्यान पुर्याउँदै तथ्यपरक ढंगबाट राजश्व अनुमान गर्ने परिपाटीको विकास गर्नु पर्दछ । | | | | | |
| १५ | | | **ठेक्का ब्यवस्थापन** | | | | | |
| १५.१ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ (क) मा आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको शुन्ना दशमलव शुन्ना पाँच प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनु पर्ने ब्यवस्था छ । पालिकाले सम्झौता सम्पन्न गरेका संघिय सरकारद्धारा हस्तान्तरित देहायका योजनाहरुको निर्माण कार्यहरु तोकिएको म्याद भित्र सम्पन्न नभएको र चालु आ.व.मा बजेट ब्यवस्था समेत भएको पाइएन । योजनाहरुमा आ.व. २०७७।७८ मा एकवटा मात्र | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रनिङ्ग वील भुक्तानी भएको छ । योजनाहरुको प्रगतीको अवस्था समेत यकिन हुन नसकिएको र के कती कारणले कार्यसम्पन्नमा ढिलाई भएको हो स्पष्ट हुन नसकिएकोले योजना यथाशीघ्र सम्पन्न गर्न लगाई आवश्यक बजेट ब्यवस्था गरी भुक्तानी गर्दा नियमावली बमोजिम तोकिएको पुर्वनिर्धारित क्षतिपुर्ति समेत असुल गर्नु पर्दछ । | |

| योजनाको नाम | निर्माण व्यवसायी | लागत अनुमान मु. अ. कर बाहेक | कबोल अंक मु अ कर बाहेक | सम्झौता मिति | कार्यसम्पन्न गर्नु पर्ने मिति | कुल भुक्तानी रकम मु. अ. कर सहित |
|---|---|---|---|---|---|---|
| आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण, वडा नं. ५ | गुरुकुल बिल्डर्स एण्ड सप्लायर्स प्रा. लि. | ३२८८३३१.६३ | २०६१५१३.०९ | २०७७।०३।३० | २०७७।१०।०६ | ११३८९८८.३५ |
| आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण, वडा नं. ८ | गुरुकुल बिल्डर्स एण्ड सप्लायर्स प्रा. लि. | ३२८८३३१.६३ | २०४१५१३.०९ | २०७७।०४।०४ | २०७७।१०।०६ | ८५७३६१.५८ |
| आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण, वडा नं. ७ | गुरुकुल बिल्डर्स एण्ड सप्लायर्स प्रा. लि. | ३२८८३३१.६३ | २२४८३०४.८९ | २०७७।०३।३० | २०७७।१०।०६ | १२७५३७०.६४ |
| आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण, वडा नं. ४ | गुरुकुल बिल्डर्स एण्ड सप्लायर्स प्रा. लि. | ३२८८३३१.६३ | २०६१५१३.०९ | २०७७।०३।३० | २०७७।१०।०६ | १११७४६६.०८ |
| आधारभुत स्वास्थ्य सेवा केन्द्र | डब्ल्यु. एम. कन्सट्रक्सन | ३२८८३३१.६३ | २३०९५२५.८५ | २०७७।०३।२४ | २०७७।१०।०६ | १२१७६७४.४४ |


https://nams.oag.gov.np

<table>
